सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस्।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ९ ♦ अंक २३६ ♦ २०८३ साल वैशाख २० आइतवार ♦ 3 May 2026 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ ♦ www.shirishnews.com

## सबैको सहयोग र सहकार्यबाट सफलता सम्भव : मेयर क्षेत्री



शर्मिला घिमिरे

**वैशाख १९ गते, बर्दिवास**

बर्दिबास नगरपालिकाका मेयर प्रह्लाद कुमार क्षेत्रीले विकास र समृद्धिका लागि सबैको सहकार्य अनिवार्य रहेको बताएका छन्। पाँचौं आदिवासी जनजाति महोत्सव अन्तर्गत आयोजित कृषि प्रदर्शनी कार्यक्रममा बोल्दै उनले सामूहिक प्रयासबिना लक्ष्य हासिल गर्न कठिन हुने उल्लेख गरे।

मेयर क्षेत्रीले आफ्नो कार्यकालमा केही योजनाहरू अधुरा रहेको स्वीकार्दै ती कार्यहरू पूरा गर्ने दृढता व्यक्त गरे। "तीनै तहका सरकारका आफ्ना-आफ्नै कार्यक्रम भए पनि कतिपय योजना सम्पन्न नहुँदा जिम्मेवारी स्थानीय तहमा आइपुग्छ," उनले भने। चुरे क्षेत्रका सडक तथा पुलजस्ता संरचनामा नगरपालिकाले बजेट खर्च गर्नुपर्दा उत्पादनमूलक क्षेत्रमा अपेक्षित लगानी गर्न नसकिएको उनले बताए। आगामी दिनमा उत्पादन वृद्धिलाई प्राथमिकतामा राख्ने उनको भनाइ थियो।

महिलाहरूलाई आत्मनिर्भर बनाउने उद्देश्यले प्रत्येक वडामा दुई समूह गठन गरी, प्रत्येक समूहमा २४ जनाका दरले कुल ४८ महिलालाई उत्पादनमूलक गतिविधिमा संलग्न गराउने कार्यक्रम सुरु गरिएको उनले जानकारी दिए। त्यस्तै, किसानलाई राहत दिन कृषि विद्युत् मिटरको सामूहिक व्यवस्थापन गरी शुल्क नगर पालिकाले नै तिर्ने योजना अघि बढाइएको उनले बताए।

किसानका मागअनुसार कोल्ड स्टोर स्थापना गर्ने विषयमा पनि उनले धारणा राखे। कोल्ड स्टोर सञ्चालनका लागि करिब १४ करोड रुपैयाँ आवश्यक पर्ने र नगरपालिकाको वार्षिक बजेट १६ करोड मात्र रहेको उल्लेख गर्दै उनले यसमा सम्पूर्ण बजेट खर्च गर्दा अन्य विकास कार्य प्रभावित हुने बताए। त्यसैले जनचाहना अनुसार अन्य पूर्वाधार विकासलाई प्राथमिकता

*बाँकी पृष्ठ ३ मा*

## बर्दिवासका सरोजको सात वर्षअघिको हत्यामा श्रीमती सहित तीन जना पक्राउ

खबर दर्पण समाचारदाता

**वैशाख १९ गते, बर्दिवास**

महोत्तरीको बर्दिबासमा सात वर्षअघि भएको एक रहस्यमय मृत्यु प्रकरणले अहिले नयाँ मोड लिएको छ। सुरुमा सामान्य सवारी दुर्घटनाको रूपमा लिइएको घटना पुनः अनुसन्धानपछि योजनाबद्ध हत्या भएको खुलेको हो।



महोत्तरीको बर्दिबास-३ स्थित स्मृति पार्क नजिक बीपी राजमार्ग अन्तर्गत २०७६ असार ३१ गते राति करिब १ बजे प्रदेश-२-०२-००१ प ३०५४ नम्बरको स्कुटर दुर्घटनाग्रस्त अवस्थामा फेला परेको थियो। स्कुटर सडक किनारमा पल्टिएको अवस्थामा भेटिएको थियो भने चालक ३६ वर्षीय श्रवण कुमार (सरोज) थापा नजिकैको नालीमा मृत अवस्थामा भेटिएका थिए।

घटनालगत्तै प्रहरी टोली पुगेर शव जिल्ला अस्पताल पठाइएको थियो। पोस्टमार्टम रिपोर्टमा टाउकोमा गम्भीर चोटका कारण मृत्यु भएको देखिएको थियो। त्यसपछि मृतककी श्रीमती पूजा थापाले शव बुझेर अन्त्येष्टि गरेकी थिइन्।

प्रारम्भिक अनुसन्धानमा घटनालाई सामान्य दुर्घटनाको रूपमा हेरिएको थियो। तर, स्कुटरमा खासै क्षति नदेखिँदा पनि चालकको मृत्यु हुनु शंकास्पद देखिएपछि परिवारले पुनः अनुसन्धानको माग गरेका थिए। त्यसपछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले घटनाको गहिरो अनुसन्धान थालेको थियो।

अनुसन्धानका क्रममा घटना दुर्घटना नभई योजनाबद्ध हत्या भएको निष्कर्षमा प्रहरी पुगेको छ। प्रहरीका अनुसार मृतक र उनकी श्रीमतीबीच सम्बन्ध राम्रो नरहेको, घरायसी विवाद तथा कुटपिटका घटनाले परिस्थिति जटिल बनेको देखिएको छ।

प्रहरी अनुसन्धानअनुसार पूजा थापाले आफ्नी आमा लक्ष्मी बस्नेत तथा दिदीबहिनीहरूको सहयोगमा हत्या योजना बनाएकी थिइन्। घटनाको रात औषधि किन्ने बहानामा सरोजलाई घरबाट बाहिर लगाइएको थियो। स्मृति पार्क नजिक पुगेपछि पूजाकी बहिनी निशा बस्नेतले सुपारी दिएर राखेका व्यक्तिहरूले सरोजलाई नियन्त्रणमा लिएर टाउकोमा ढुंगाले प्रहार गरी हत्या गरेका थिए।

हत्या पश्चात् घटनालाई दुर्घटना जस्तो देखाउन स्कुटर सडकमा पल्टाइएको र शव नालीमा फालिएको प्रहरीले जनाएको छ।

घटनाको करिब दुई महिनापछि प्रहरीले चार जना संलग्न व्यक्तिलाई पक्राउ गरेको थियो। तर मुख्य योजनाकार भनिएकी पूजा थापा, उनकी आमा र अन्य दिदीबहिनीहरू भने फरार भई भारततर्फ भागेका थिए।

लामो समयको खोजीपछि प्रहरीले पूजा थापा, निशा बस्नेत र आरती बस्नेतलाई नेपाल-भारत सीमा क्षेत्रबाट प्रहरीले पक्राउ गरेको जनाएको छ। उनीहरूविरुद्ध थप अनुसन्धान तथा कानुनी प्रक्रिया अघि बढाइएको छ।

यसैबीच, घटनाको अनुसन्धानमा महत्वपूर्ण भूमिका खेलेका इलाका प्रहरी कार्यालय बर्दिबासका प्रहरी नायब उपरीक्षक बिकाश बमलाई गोदार थापा समाज महोत्तरीले शुक्रवार सम्मान गरेको छ। बर्दिबास क्षेत्रको शान्ति सुरक्षा कायम गर्न योगदान पुऱ्याएको भन्दै आयोजित कार्यक्रममा बर्दिवास नगरपालिकाका नगर प्रमुख प्रह्लाद कुमार क्षेत्री को प्रमुख आतिथ्यतामा समाजका अध्यक्ष रुद्र थापाले दोसल्ला ओढाएर सम्मानपत्रसहित बमलाई सम्मान गरेका हुन्।

शिरीष संचार समूह

नयाँ वर्ष २०८३ को हार्दिक मंगलमय शुभकामना

खबर दर्पण राष्ट्रिय दैनिक | शिरीष खबरपत्रिका साप्ताहिक | शिरीष न्युज | Radio Rupantaran १०६.३ Mhz

नयाँ वर्ष २०८३ को सुखद अवसरमा हाम्रो संचार संस्थाहरु पत्रिका, अनलाईन र रेडियो बाट एकै साथ प्रकाशन प्रसारण हुने गरी विज्ञापनमा विशेष प्याकेज सहित अत्यधिक छुटमा विभिन्न विज्ञापनको योजनाहरु लागु गरिएको हुँदा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस्।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८०४८५२६९६, ९८४४०७२८५९, ९८४४०३९८५६

खबर दर्पण
राष्ट्रिय दैनिक



# क्रिकेटर पूजा भईन् मधेशी युवतीको लागि आईकन



धनबीर महतो

**वैशाख १९ गते, बर्दिवास**

मधेसका विद्यालयका छात्रा होस् या गाँउमा वेरोजगार युवती । उनीहरुलाई एकपटक सोध्नुस के बन्न चाहनुहुन्छ ? सवैले प्रायः एउटै जवाफ दिन्छिन्, त्यो हो पूजा महतो जस्तो सफल क्रिकेटर । पूजा महतो ग्रामिण भेगकी युवतीका लागि एउटा उदाहरणीय पात्र अर्थात आईकन सावित बनिसकेको छ । गरिव मजदुर परिवारमा जन्मिएकी पूजा महतोको कठोर पारिश्रमिक, धैर्यता, सहनशिलता अनि सफलता नै उनलाई यसभेगमा आईकनको रुपमा स्थापित गरिएको छ ।

दाईजो, अशिक्षा अनि संक्रिण सोचका कारण विभेदको शिकार हुने महिलाको हकमा पूजा एउटा दरिलो जवाफ बनिसकेको छ । स्वाभिमानी बन्नका लागि आफुमा केही न केही गुण वा सीप अवश्य नै हुनु नै पर्छ । यस अभिव्यक्तिलाई पुरा गर्नका लागि पूजा उदाहरणीय पात्र समेत बनेको छ । त्यसैले त यहाँका छोरी चेलीहरु क्रिकेटर बनेर पूजा झै नाम रोशन कमाउने सपना बुनिरहेकी छिन् ।

गौशालाकी २० बर्षिया पूजा महतो । एउटा महिला क्रिकेटर मात्र नभई आर्थिक अभाव, समाजिक दवाव अनि अधिक पारिश्रमिक गरि कमाएको नाम हो । अहिले घरघरमा उनको चर्चा भईरहेको छ । केही अभिभावक त अहिले छोरीको सपना पुरा गर्नका लागि हौसला मात्र होईनन् पुर्ण रुपमा मेहनेतमा साथ र सहयोग दिईरहेका छन् । खेलसामग्री खरिद गर्न होस, खेलमैदानको व्यवस्थापन अनि तालिम प्रशिक्षण दिलाउने हकमा अभिभावक नै अग्रसरता देखाउदै आएको छ । अहिले खेलमैदानमा जान हिच्किचाईरहका आफ्ना छोरी चेलीलाई हौसला समेत प्रदान गरिरहेका हुन्छन् । जसको एउटै कारण हो पूजा महतोको दमदार सफलता ।

मधेश त्यहि ठाँउ हो, जहाँ छोरी जन्मिएपछि मिठाई बाड्दैनन् । बुवाआमाहरु निराश हुन्छन् । टाउकोमा ॠण थपियो भन्दै चिन्तित हुन्छ । ती बुबाहरुलाई क्रिकेटर पूजाले खेलमैदानमा आफ्नो नाममा लेखाउने रन र विकेटको माध्यमले कडा रुपमा जवाफ दिईरहेका छन् । उनको हरेक रनको अंकमा मधेशका विभेद विरोधी शब्दहरु समावेश भएका हुन्छन् ।

वि. सं. २०७९ सालमा जलेश्वर रंगशाला उनले पहिलोपटक स्वदेशमा ब्याट र बलको माध्यमले क्रिकेटमा आफ्नो कला प्रदर्शन गरेका थिए । उनले व्याट र बलको माध्यमले देखाएको प्रतिभाले सवैलाई चक्कित तुल्याईएको थियो । उनको यहि प्रदर्शन नै सफलताको पहिलो सिढी बन्न सफल सावित भएका हुन् । नभन्दै वि. सं. २०८० सालमा राष्ट्रिय क्रिकेट टिमबाट डेव्यु गरेपछि उनी एसिया क्वालिफायर सिरिजमा मलेसिया अनि हडकडमा सम्पन्न भएको यु –१९ सिरिजमा उत्कृष्ट प्रर्दशन गरिएकी थिईन् ।

ग्रामिण भेगमा खेलप्रति कसैको खासै चाहना अझै नभएको समयमा क्रिकेटर पूजा महतोको नाम प्रायः मुखमै झुण्डिएको खेलप्रेमी रामविनय सदाको भनाई रहेको छ । सदाले थपे, ‘पूजा महतोको खेल ग्रामिण भेगमा गृहणीले हेर्छिन् । चुलो चौकामा सिमित रहेको महिला अहिले उनको बल र ब्याटको प्रशंसा गरिएको हुन्छन् । उनले खेल्ने राष्ट्रियस्तर होस या अर्न्तराष्ट्रियस्तरको प्रतियोगिता जसरी भएनि फुर्सदको क्षण निकालेर घरघरमै खेल हेर्ने गर्दछन् ।’

पूजाको गृहनगरीमा अहिले छोरी चेलीहरु साँझ र विहानको समयमा क्रिकेट खेल्छिन् । यहाँको विद्यालयमा पनि महिला क्रिकेट प्रतियोगिता समय समयमा आयोजना हुने गरेको छ । अन्य खेलभन्दा महिला खेलकुदलाई नगरपालिकाको कार्यालयले पहिलो प्राथामिकतामा राखेको गौशाला नगरपालिकाको कार्यालयले जनाएकोछ । पछिल्लो समयमा त नगरभरिमा नै महिला क्रिकेट टिम स्थापना भईसकेको गौशालामा मेयर डा. दिपेन्द्र महतोले बताए । केही दिन अगाडी मात्र नगरपालिकाको सहयोगमा नगर स्तरीय महिला त्रिकेट प्रतियोगिता सम्पन्न गरिएको मेयर महतोले जानकारी दिएका छन् । मेयर महतो भन्छन्, ‘हुन त पूजालाई हाम्रो पालिकाले पारिश्रमिक दिई क्रिकेट खेल विस्तारका लागि एम्बेस्टरमा नियुक्ति गरिएकोछ । उनलाई मासिक रुपमै प्रोत्साहन भता दिदै आएको छ । उनी फुर्सदमा यहाँ आएर खेलकुदक्षेत्रमा विशेष सल्लाह दिनुको साथै खेलाडीहरुलाई प्रशिक्षण दिदैछिन् । नगरपालिकाले पनि नगरस्तरीय खेलकुदक्षेत्रमा विस्तार अनि प्रवर्द्धनका लागि अनेकौं प्रयासहरु गरिएका छन् ।’

सन् २००६ अर्थात वि.सं. २०६३ सालमा महोत्तरीको गौशाला नगरपालिका ९ डुवरवन्नाको एउटा फुसको घरमा पिता रन्जित महतोको दोस्रो सन्तानको रुपमा पूजा महतोको जन्म भएको थियो । घरको अवस्था अत्यन्त कमजोर अनि गरिवीले तंग्रिएको अवस्थामा पुनः छोरी नै प्राप्त भयो भन्दै सवै चिन्तित रहेको पिता रन्जितले सुनाए । उनले थपे, ‘तत्कालिन समयमा यहाँ कामको अवसरमा नपाएपछि घरपरिवार पाल्न धौ धौ भएपछि सन २010 मा स परिवार नै भारतको राजधानी दिल्ली आश्रित हुन बाध्य भइयो । दिल्लीको उच्च घाम, प्रदुषण अनि अभाव, दवावका विच काम गर्न भौतारियो । अन्ततः एक चिया पसलमा विहान ४ बजेदेखि राति ११ बजेसम्म चिया पसलमा निरन्तर रुपमा काममा भिडिरहे । जहाँबाट पाएको रकमले रन्जितले चार सन्तानको पालनपोषण गरियो ।’

क्रिकेटप्रेमी रन्जितले छोरी पूजालाई दिल्लीस्थित रोहतक रोड जिमखानामा प्रशिक्षक राजेश चौहानको सहयोगमा निःशुल्क प्रशिक्षणको व्यवस्था मिलाउन सफल भए । त्यसपछि पूजाको क्रिकेट यात्रा सुरु भयो । बिहान ४ बजे उठेर जिमखाना पुग्ने, त्यहाँबाट बिहान ८ बजेसम्म प्रशिक्षण लिने । दौडेर घरमा आउने र टिफिन बोकेर हतारहतार स्कूल जाने उनकै दैनिकी भईसकेको थियो । स्कूलबाट फर्केर घरमा आइपुग्नेबित्तिक्कै उनी फेरि प्रशिक्षण केन्द्र गई राति मात्र ८ बजे घर फिर्ता हुने गर्थिन् । उनको यो दैनिकी लगातार तीन वर्षसम्म जारी रहयो । बिहान यूनिक क्रिकेट एकेडमी र बेलुका रोहतक रोड जिमखानामा जाने गर्छिन् । उनलाई रोहतकका प्रशिक्षक श्रवण कुमार र भारतीय क्रिकेट खेलाडी ईशान शर्माले प्रशिक्षण दिएका थिए । यूनिक त्रिकेटका प्रशिक्षक राजेश चौहानले भने पूजाको ब्याटिङ कला तिखारिदिएका थिए । लगातारको यो कडा मेहनतले उनमा एक अलराउन्डरको कला निपुण भएका हुन् ।

दिल्लीबाट नेपाली क्रिकेट टिमको यात्रा

दिल्लीबाट नेपाली टोलीमा संलग्न गराउनमा नेपाल क्रिकेट संघ (क्यान) का उपाध्यक्ष रोशन सिंहको अहम भुमिका रहेको छ । वि.सं. २०७९ सालमा जलेश्वरमा यु १५ छनौट प्रक्रिया चलिरहेको क्रममा उपाध्यक्ष सिंह समक्ष पूजा महतोको बारेमा चर्चा चलिएको थियो । त्यसपछि उनकै प्रयासमा उनका ८ बर्षिय भाई कृष्णकुमार महतो पहिलो खेलमै प्लेयर अफ द म्याच बनेपछि उनको पितासँग रौशनविच केही समय कुराकानीकै क्रममा निकटता बढयो । सोही क्रममा सिंहलाई दिल्ली पुगेर भाईले कृष्णाले आफ्ना दिदीहरूले खेलेको भिडियो पठाएपछि प्रक्रिया अगाडि बढेको हो । उनकै प्रयासमा नेपाल आएकी पूजाले त्यसपछि जिल्लास्तरीय हुँदै क्रमिक रुपमा प्रदेशस्तरीय, राष्टियस्तर हुँदै अहिले अर्न्तराष्टिय क्रिकेट खेल्नमा व्यस्त छिन् । उनले गतबर्ष राष्ट्यि क्रिकेट टिममा डेव्यु गरेपछि एसिया क्वालिफायर खेल्न भ्याएछ । त्यसपछि मलेसिया र हडकडमा सम्पन्न यु १९ सिरिज पनि खेल्ने क्रममा पूजाको प्रशसा भएको थियो ।

के भन्छिन् पूजा ?

मधेसमा क्रिकेटको बढ्दो लोकप्रियता र बालबालिकामा देखिएको लगाव प्रति आफूलाई निकै खुशी लागेको पूजा बताउछिन् । उनी भन्छिन्, ‘स-साना बच्चाहरूमा पनि क्रिकेटप्रतिको माया देखिरहेको छु । जसले मलाई हर्षित बनाएको छ । म चाहन्छु, देश र मधेसमा अरू धेरै पूजा महतो जन्मिओस । अभिभावकहरूले पनि आफ्ना छोराछोरीलाई अघि बढाउनुस् ।’

समग्रमा भन्ने हो भने मधेशी समाजमा पनि क्रिकेटप्रतिको क्रेज र सम्मान बढनु सुखद पक्ष हो । यसलाई जीवित राख्नका लागि सरोकारवाला निकायले समयमै कदम चाल्नुपर्ने आवश्यक छ । हरेकपक्षको सहयोग अनि मेहनेतले नै यो अभ्यास सफलताको रुपमा सावित हुन्छ । अनि मात्र जन्मिन्छ घर घरबाट पूजा महतो जस्तो सफल नारी ।

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फयुज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास नगरपालिका | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| इलाका प्रशासन कार्यालय वर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# मुसहर बस्तीमा ललिताको शैक्षिक क्रान्ति

राजकरण महतो

**वैशाख १९ गते, बर्दिवास**

दुई छोराको साथ लागेर विद्यालय भर्ना भएकी २७ वर्षीया ललिता मुसहरले हालै एसईई परीक्षा दिएर आफ्नो समुदायमा शिक्षाको नयाँ ज्योति बालेकी छिन्।

भनिन्छ, ‘तँ आँट, म पुर्‍याउँछु’ तर २७ वर्षीया ललिता सदा ( मुसहर) को जिन्दगीमा कल्पना गर्न पनि कठिन थियो। परिवार चलाउन मुस्किल पर्ने ललिताले दुई छोरालाई स्कुल पठाइन्। उनीहरूको साथ लागेर आफूले पनि स्कुल पोसाक लगाइन्।

सन्तानसँगै किताब बोकेर स्कुल आउजाउ गरिन्। हालै उनले निकै संघर्ष गर्दै विद्यालय शिक्षा परीक्षा (एसईई) तहको परीक्षा दिन सफल भएकी छिन्। कक्षा ११ पढ्ने रहर पालेकी छिन्। उनले महोत्तरीको बर्दिबास नगरपालिका–२ एकीकृत नमुना मुसहर बस्ती नजिकैको जनता माध्यमिक विद्यालयमा पढेकी हुन्। उनको संघर्ष, अठोटले भुइँमान्छेहरूलाई भने उत्साहित बनाएको छ।

हार्नलाई ललिताको हातमा केही थिएन तर जित्नलाई त पूरै संसार छ। पढेर गरिबीलाई हराउने र दुनियाँलाई जित्न उनी एक प्रकार ले स्कुल पढेर अदृश्य रूपमा युद्ध नै लडिरहेकी छिन्। पुस्तौनी शिक्षाबाट वञ्चित उनको परिवार मात्रै होइन समुदाय नै शिक्षाको उज्यालो ज्योतितर्फ लम्किरहेको छ। जसको नेतृत्व उनको काँधमा छ। मुसहर बस्तीमा तीन सय बढी जनसंख्या छ। त्यसमध्ये महिलामा उनीमात्रै कक्षा १० भन्दा बढी पढेकी दोस्रो महिला हुन्। उनको जेठो छोरो १४ वर्षका ब्रह्मदेव सदा कक्षा ५ को परीक्षा दिएर कक्षा ६ को पढाइको तयारीमा छन्। उनको भाइ १२ वर्षीय रोहन सदाले दाइ ब्रह्मदेवलाई पछ्याइरहेको छ। रोहन कक्षा ४ को परीक्षा पास गरेर कक्षा ५ पढ्ने तयारीमा छन्। ललिता यतिखेर एसईई परीक्षाको नतिजाको प्रतीक्षासँगै यो फुर्सदको समयमा खसी पालेर सदुपयोग गरि रहेकी छन्। उनी भन्छिन्, ‘कक्षा १० को आन्तरिक परीक्षामा सबै विषयमा पास गरेकी छु। फाइनल परीक्षामा राम्रै लेखेकी छु। नतिजा मेरो पक्षमा आउँछ भन्ने विश्वास छ।’

पूर्व–पश्चिम राजमार्गअन्तर्गत महोत्तरीको बर्दिबास चोकभन्दा डेढ किलोमिटर दक्षिणमा एकीकृत नमुना मुसहर बस्ती पर्छ। जहाँ ललिताको बसोबास छ। ललिताले घरायसी समस्याका कारण स्कुल छोड्दै, पढ्दै कक्षा १० सम्म पढ्न सफल भएकी छिन्। कक्षा २ मा पढ्दै गर्दा आमाले छाडिन्। पढाइ छुट्यो। अर्काको घरमा काम गर्दै उनी हुर्किइन्।

१२ वर्षको उमेरमा ललितालाई पेट पाल्न काठमाडौंमा गलैंचा बुन्ने कारखानासम्म पुग्नुपरेको थियो। एक वर्षमा त्यहाँ कठिन अवस्थामा उनको बालापन बित्यो। दसैंमा काठमाडौंबाट घर आएको बेला गाउँकी शिवो सदाले उनको दुःखलाई खुसीमा परिणत गर्ने कुरा सुनाइन्। उनले गाउँकै युवा रामेकवाल सदासाग विवाह गराइदिने कुरो सुनाइन्। विवाहपछि जीवनको दुःख टर्ने कुराबाट प्रभावित भएर ललिता विवाह गर्न राजी भइन्। गाउँलेहरू बसेर ललिता र रामेकवालबीच विवाह गराइदिए। जतिबेला ललिता बल्ल १४ वर्षको उमेरकी थिइन्।

रोग, भोक, शोकले पुस्तौनी थलिएको मुसहर बस्तीकी एक पात्र ललितालाई जीवन बाँच्न कठिन थियो। त्यसमाथि पढ्नुको कुरा त कसैले कल्पना नै गर्न सकिँदैन। मधेसको दलितमा पनि महादलित जात मुसहर हो। गाउँमा पानी लिन जाँदा पनि ललिताले छुवाछूतको व्यवहार खेपेकी थिइन्। ललिताजस्तालाई स्कुलमा गएर पढ्नु त टाढाको कुरो भयो। तर, उनको पढ्ने र दुनियाँ बुझ्ने सपनाले सधैं चिथोरिरह्यो।

‘विवाहपछि ज्याला मजदुरी गर्ने, जंगलबाट दाउरा ल्याउने अनि परिवार चलाउन थालेँ। १५ वर्षकै उमेरमै जेठो छोरो जन्मियो। त्यसपछिको डेढ वर्षमा अर्को कान्छो छोरो जन्मियो। दुवै छोरालाई हुर्काएँ,’ उनी भन्छिन्, ‘अनि अब पढ्नुपर्छ भनेर २०७४ सालमा स्कुलमा नाम लेखाएँ। सँगै पढ्न थालेँ। नियमित पढ्दै आज कक्षा १० सम्म पढेँ। अब कक्षा ११ मा पढ्छु।’



२०७३ सालमा हास्य कलाकार धुर्मुस र सुन्तली आएर बस्ती बनाए। त्यो बेला पढ्नुपर्छ भनेर सबैलाई स्कुल भर्ना गराए। त्यो बेला ललिता स्कुलमा गएर पढ्न थालेकी थिइन्। धेरैले पढाइ छोडे। तर उनले छोराहरूसँग स्कुल जाने कामलाई निरन्तरता दिइरहिन्। यसमा बस्तीका स्थानीय तथा सो स्कुलका शिक्षक मञ्जय सदाले सहयोग गरेका थिए।


उनको पढाइमा उनका श्रीमान् रामेकवालको ठूलो सहयोग, साथ छ। परिवार चलाउन उनका श्रीमान् ऋण काढेर कतार गए। त्यहाँबाट पनि कमाएर घर चलाउन सहयोग गरेका थिए। अहिले गाउँमै ज्याला मजदुरी गर्छन्।

ललितालाई छोरा स्याहार्दै बस्तुभाउ पाल्नु र स्कुल गएर पढ्नु निकै चुनौतीपूर्ण काम रहेको छ। पढेर नर्स बन्ने सपनाले उनलाई स्कुल डोऱ्याइरहेको छ। उनी भन्छिन्, ‘हामी तीन जना स्कुल पढ्ने छौं। श्रीमान् एक्लै कमाउने हुनुहुन्छ। घर खर्च जुटाउन निकै समस्या भइरहेको छ। खर्च अलि जुट्यो भने सजिलो हुन्छ पढ्नलाई।’-अन्नपूर्णा

## सबैको सहयोग र सहकार्यबाट............

दिनुपरेको उनको भनाइ थियो। प्रदर्शनीमा बर्दिबास, भंगाहा र गौशाला नगरपालिकाका कृषकहरूले आफ्ना उत्पादन प्रदर्शन गरेका थिए। बर्दिबासका किसानहरूले उत्पादन बजार सम्म पुर्‍याउन सहजीकरण गर्न र वन्यजन्तु तथा आवारा जनावर बाट बाली जोगाउन पहल गर्न माग गरेका थिए। कार्यक्रममा १८ किलो तौलको लौका र २० किलोको फर्सी विशेष आकर्षण बनेका थिए।

कार्यक्रममा आदिवासी जनजाति महासंघ महोत्तरीका अध्यक्ष धननारायण श्रेष्ठ, वरिष्ठ उपाध्यक्ष हर्क तामाङ, होटल व्यवसायी संघका पूर्व अध्यक्ष सुदीप कार्की लगायत विभिन्न व्यक्तित्व, कृषि समूह र किसानहरूको उपस्थिति रहेको थियो। कार्यक्रममा सहभागी कृषकहरूलाई प्रमाणपत्र र खादा प्रदान गरी सम्मान गरिएको थियो।


मटिहानी नगरपालिका,
महोत्तरी



## कृषिलाई व्यावसायिक बनाऔं

हामी निर्वाहमुखी कृषि प्रणालीमा आधारित छौं । यसले हाम्रो परिवारमात्रै पालिँदै आएको छ । तपाईंसंग भएको जमिनलाई राम्रो उपयोग गरी अरु धेरैको परिवारलाई पाल्नसक्ने खाद्यन्न उत्पादन गर्न सकिनेछ । त्यसका लागि हामीले हाम्रो कृषि कर्मलाई आधुनिकीकरण गरी व्यवसायिक कृषि गर्न सक्छौं । खेतीयोग्य जमिन बाँझो नराखी आधुनिक र वैज्ञानिक तरिकाले कृषि गरेमा लाखौं खर्च गरेर विदेशिनु पर्दैन । यसरी विदेशिनु भन्दा स्वदेशमै व्यवसायिक कृषि र पशुपालन गरौं,व्यवसायिक कृषि उत्पादनमार्फत आर्थिक उपार्जन गरौं ।

गौशाला नगरपालिका,
महोत्तरी



## पालिकाको स्थानीयलाई अनुरोध



–जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
–जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौ।
–जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
–जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
–बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।



–विवाहको सूचना पति र पत्नी दुबैले दिनु पर्छ।
–सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
–सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
–सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
–प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
–सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।



–महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।
–जथाभावी पार्किंग नगरी तोकिएको स्थानमा मात्र पार्किंग गरौं।
–गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
–महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

रामगोपालपुर नगरपालिका,
महोत्तरी

# बाढीले फेरि बगायो कमला नदीको 'डाइभर्सन', हुलाकी राजमार्ग अवरुद्ध

**खबर दर्पण समाचारदाता**
**वैशाख १९ गते, बर्दिवास**

निरन्तरको वर्षासँगै आएको बढीले सिरहा र धनुषा जोड्ने कमला नदीमा बनाइएको अस्थायी 'डाइभर्सन' बगाएको छ ।

हुलाकी राजमार्गअन्तर्गत यहाँ निर्माण भइरहेको पुलको विकल्पमा अस्थायी रूपमा बनाइएको अस्थायी 'डाइभर्सन' आज बिहानको बाढीले बगाएको हो ।

बिहीबार रातिदेखिको भारी वर्षाका कारण पुनः क्षतिग्रस्त भएपछि हाल सयौं सवारीसाधन र यात्रु बीच बाटोमै रोकिएका छन् । केही दिनअघि पनि वर्षाले क्षति पुऱ्याएपछि मर्मत गरी 'डाइभर्सन' सञ्चालनमा ल्याइएको थियो ।

सहायक प्रमुख जिल्ला अधिकारी चेतराज बरालका अनुसार नदीमा पानीको बहाव उच्च रहेकाले हाल मर्मत गर्ने अवस्था छैन । "पश्चिमपट्टि पानीको बहाव धेरै छ । पानीको सतह घटेपछि नगरपालिकाको जेसिबी प्रयोग गरी बाँध निर्माणको काम अघि बढाइनेछ", उनले भने ।

कमला नदीमाथिको पुल निर्माणमा भएको चरम ढिलाइले स्थानीयवासीले वर्षौंदेखि सास्ती खेप्दै आएका छन् । पुल निर्माण नहुँदा बर्खायाममा ज्यान जोखिममा राखेर डुङ्गा चढ्नुपर्ने वा घण्टौं घुमेर पूर्वपश्चिम राजमार्गको प्रयोग गर्नुपर्ने बाध्यता रहेको छ ।

# मधेश प्रदेशमा प्रहरीले लागु पदार्थ विरुद्धको महाअभियान चलाउने

**खबर दर्पण समाचारदाता**
**वैशाख १९ गते, बर्दिवास**



मधेश प्रदेशमा लागु पदार्थको दुर्व्यसनमा युवाहरू फस्न थालेपछि यस विरुद्ध प्रहरीले विशेष अभियान सञ्चालनको तयारी गरेको छ । प्रदेश प्रहरी कार्यालयले मधेश प्रदेशका ८ जिल्ला तथा १ सय ३६ पालिकाहरूसँग सहकार्य गरेर एक साथ 'लागु औषध सेवनकर्ता खोजी एवं सुधार महा-अभियान २०८३' सञ्चालन गर्ने तयारी गरेको हो ।

लागु पदार्थको दुर्व्यसन रोकथाम तथा लतमा फसेकाहरूको सुधार तथा पुनर्स्थापनासम्मका अभियान तीनै तहको सरकार का समन्वय तथा सहकार्य एवं प्रत्यक्ष सहभागितामा सञ्चालन गरिन लागेको मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायब महानिरीक्षक गोविन्द थपलियाले जानकारी दिनुभयो ।

नेपाल भारतको खुल्ला सीमाना भएका कारणले विद्यालयका बालबालिका देखि ठूलो सङ्ख्याका युवाहरू लागु औषधको कुलतमा फसेको अनुमान अनुभव गरिएको बेलामा सञ्चालन हुने महाअभियानले लागु औषधको नियन्त्रण, सेवन कर्ताको पहिचान तथा पुनर्स्थापनामा ठूलो मद्दत पुग्ने विश्वास प्रदेश प्रहरीको रहेको छ ।


## पालिकाको स्थानीयलाई अनुरोध



-जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो ।
-जन्मेको ३५ दिनभित्र आफनो स्थानीय निकायमा गई दर्ता गरौं।
-जन्म, मृत्यु, बसाइ-सराइ, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो ।
-जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् ।
-बसाइ-सराइ गर्दा व्यक्ति आफु मात्र बसाइ सरी गए व्यक्तिले परिवार नै बसाइ सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ।



-विवाहको सूचना पति र पत्नी दुवैले दिनु पर्छ।
-सम्बन्ध विच्छेदको सूचना अदालतको निर्णय सहित पति वा पत्नीले दिन सक्छन् ।
-सबैको व्यक्तिगत घटना दर्ता गरौं, गराऔं।
-सामाजिक सुरक्षा भत्ता पाईरहेका व्यक्तिले नागरिकताका साथ सम्पर्क गरी सम्बन्धित बैंक मार्फत तोकिएको समयभित्र अनिवार्य रुपमा भत्ता बुझि लिऔं।
-प्रत्येक वर्ष श्रावण १ देखि मंसिर १५ गतेभित्र सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरु नयाँले निवेदन दिऔं र पुराना भत्ता खाईरहेका व्यक्तिहरुले अनिवार्य रुपमा नवीकरण गरौं।
-सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुले आफनो नाम भत्ता खाने लिस्टमा छ छैन प्रत्येक श्रावण महिनामा आ-आफनो वडा कार्यालयमा गई बुझौं र ढुक्क होऔं।
-महानगरपालिकाद्वारा संचालित नियमित सरसफाइ अभियानमा सहभागी बनौं।



-जथाभावी पार्किङ नगरी तोकिएको स्थानमा मात्र पार्किङ गरौं।
-गाउंपालिकाको अनुमति लिएर मात्र घर निर्माणको काम गरौं।
-महोत्तरी गाउँपालिकाद्वारा सम्पादन हुने सेवा प्रवाह र विकास व्यवस्थापन सम्बन्धी कुनै गुनासो भएमा वडा अध्यक्ष एवं पालिका प्रमुख, उपप्रमुख, अन्य विषयगत शाखा प्रमुख समक्ष राखौं।

**मिथिला नगरपालिका, धनुषा**



योग एक प्राचीन अभ्यास हो । यसले शरीर, मन र आत्मालाई सन्तुलनमा राख्न मद्दत गर्छ ।

**योगका फाइदाहरू**

शारीरिक स्वास्थ्य सुधार: शरीर लचिलो र बलियो बनाउँछ
मानसिक शान्ति: तनाव, चिन्ता र डिप्रेसन कम गर्छ
रोग प्रतिरोधात्मक क्षमता बढाउँछ
निद्रा सुधार गर्छ
ध्यान केन्द्रित गर्न सहयोग गर्छ

**ध्यान दिनुपर्ने कुराहरू**

खाली पेट वा हल्का खाना खाएपछि मात्र योग गर्नुहोस्
शुरुवातमा सजिला आसनहरूबाट अभ्यास सुरु गर्नुहोस्
दीर्घ रोग वा स्वास्थ्य समस्या भएमा चिकित्सकको सल्लाह लिनुहोस्
नियमित अभ्यास गर्नु अत्यन्त आवश्यक छ
सामान्यतया बिहानको समयमा योग गर्नु उत्तम मानिन्छ।
यसले दिनभर ऊर्जा र सकारात्मकता दिन्छ।

अनुरोधकर्ता :

**जनकपुरधाम उपमहानगरपालिका**
धनुषा , जनकपुरधाम
मधेश प्रदेश



**अत्याधुनिक प्रविधि तथा विशेषज्ञ सेवासहित ३ वर्षे नर्सिङ कलेज भएको महोत्तरीको एकमात्र अस्पताल**

- २४ सैं घण्टा इमर्जेन्सी सेवा
- ICU, NICU, PICU सेवा
- X-Ray, USG, CT Scan सेवा
- Endoscopy/Diode Laser सेवा
- Laproscopy सेवा
- क्याबिनको समेत व्यवस्था भएको
- विभिन्न रोगहरुको विशेषज्ञ डाक्टरहरुद्वारा उत्कृष्ट स्वास्थ्य सेवा
- 24/7 Ambulance सेवा

SHUBHA SWOSTIK HOSPITAL PVT. LTD

**शुभ स्वस्तिक हस्पिटल प्रा.लि.**
मेनरोड बर्दिवास, महोत्तरी
044-550255



खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३) E-mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा,